# निर्वाचन आयोग, नेपाल
# ELECTION COMMISSION, NEPAL

प.सं. च.नं. / Ref:


निर्वाचन आयोग नेपाल

मिति: २०७८।२।१३

## प्रेस विज्ञप्ति

**सम्माननीय राष्ट्रपति समक्ष राष्ट्रियसभा सदस्य उपनिर्वाचनको परिणाम पेश गरिएको**

सम्वत् २०७८ साल जेठ ६ गते बिहीबारका दिन बागमती प्रदेशमा सम्पन्न अन्य समूह तर्फको राष्ट्रिय सभा सदस्य उपनिर्वाचनको परिणाम सहितको प्रतिवेदन राष्ट्रपतिको कार्यालय मार्फत् सम्माननीय राष्ट्रपति समक्ष आयोगले पेश गरेको छ । उक्त प्रतिवेदन आयोगको मिति २०७८।२।११ को निर्णयबाट स्वीकृत गरी राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ६० बमोजिम पेश गरिएको हो ।

उक्त प्रतिवेदनमा राष्ट्रियसभा सदस्य उपनिर्वाचन सन्दर्भमा भए गरेका कार्यहरु, राजनीतिक दल दर्ता, निर्वाचनको तयारी, मतदाता नामावली र मतभार, निर्वाचन अधिकृत नियुक्ति र कार्यालय स्थापना, निर्वाचन कार्यक्रम संचालन, उम्मेदवारको मनोनयन दर्ता, जनशक्ति मतदान केन्द्र र सामग्री व्यवस्थापन, अभिमुखीकरण र मतदाता शिक्षा कार्यक्रम, मतपत्र व्यवस्थापन, सुरक्षा व्यवस्था र स्वास्थ्य सुरक्षा प्रवन्ध, निर्वाचन अनुगमन र अवलोकन, मतदान, मतगणना र परिणाम घोषणा लगायतका विषयहरु समावेश गरी तयार गरिएको थियो । उक्त निर्वाचनमा स्वतन्त्र उम्मेदवार श्री खिमलाल देवकोटा निर्वाचित हुनुभएको थियो ।

2/12

(कोमल प्रसाद धमला)

उपसचिव एवं सह-प्रवक्ता




कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७

Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227

E-mail: info@election.gov.np, Website: www.election.gov.np